# गजलजस्तो कविता !

- विक्रम सुब्बा, काठमाण्डौं

उमेर ढलेपछि बनेको यो घर, सजाउने रहर रहेन
हाम्रो माया थाल्दाको अल्कापुर जस्तो शहर रहेन
अनेक दस्तुर खानेहरुले यहाँ सबै पचाइसके पछि
यो हिमवत्खण्डमा कालकूट पनि अब जहर रहेन ।

बाँचेकैछन् विष्णु र बाग्मती तर सङलो लहर रहेन
जमाना जलिरहेछ, ढुक्कसाथ सुत्ने कुनै प्रहर रहेन
घरबार-दरबार केवल काटाकाट गर्ने थलो भएकाछन्
शान्तिसँग एकैपल बस्ने आफ्नो कुनै ठाउँठहर रहेन ।